# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

## नेपाल सरकार

## गृह मंत्रालयको सूचना

## हातहतियार खरखजाना (छैंठौं संशोधन) नियमावली, २०६७

हातहतियार खरखजाना नियमावली,२०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम “हातहतियार खरखजाना (छैंठौं संशोधन) नियमावली, २०६७” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. हातहतियार खरखजाना नियमावली, २०२८ को नियम ७ मा संशोधनः हातहतियार खरखजाना नियमावली, २०२८ (यसपछि “मूल नियमावली” भनिएको) को नियम ७ को उपनियम (२) को,-

(१) खण्ड (क) मा रहेका “पचास रुपैयाँ” भन्ने शब्दहरुको सट्टा “एकहजार रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ख) मा रहेका “पचास रुपैयाँ” भन्ने शब्दहरुको सट्टा “एकहजार रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम १०क मा संशोधनः मूल नियमावलीको नियम १०क को,-

(१) उपनियम (१) को,-

(१) खण्ड (क) मा रहेका “एकसय रुपैयाँ” भन्ने शब्दहरुको सट्टा “पाँचसय रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ख) मा रहेका “दुई सय रुपैयाँ” भन्ने शब्दहरुको सट्टा “एकहजार रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।

(३) खण्ड (ग) मा रहेका “तीनसय रुपैयाँ” भन्ने शब्दहरुको सट्टा “एकहजार पाँचसय रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।

(४) खण्ड (घ) मा रहेका “चार सय रुपैयाँ” भन्ने शब्दहरुका सट्टा “दुई हजार रुपैया” भन्ने शब्दहरु राखिएका छन् ।

(५) खण्ड (ङ) मा रहेका “पाँचसय रुपैयाँ” भन्ने शब्दहरुका सट्टा “दुईहजार पाँच सय रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (१क) को सट्टा देहायको उपनियम (१क) राखिएको छः-

“(१क) नियम १० को उपनियम (२) को खण्ड (ग) मा तोकिएको म्यादभित्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई यो नियम प्रारम्भ भएको मितिले नौ महिनाभित्र निवेदन दिएमा प्रत्येक आर्थिक वर्षका लागि एकहजार रुपैयाँ नवीकरण दस्तूर लिई इजाजतपत्र नवीकरण गरिनेछ ।

तर सम्बत २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसीर ५ गतेको अवधि भित्र सुरक्षाको कारणले आफ्नो हातहतियार सुरक्षा निकायमा बुझाउने व्यक्तिले सुरक्षा निकायले गरिदिएको सो सम्बन्धी भरपाई संलग्न गरी यो नियम प्रारम्भ भएको मितिले नौ महिनाभित्र इजाजतपत्र नवीकरणका लागि निवेदन दिएमा नवीकरण बापत दस्तुर लिइने छैन ।”

४. <u>मूल नियमावलीको नियम १४ मा संशोधनः</u> मूल नियमावलीको नियम १४ को उपनियम (२) मा रहेका “पचास रुपैयाँ” भन्ने शब्दहरुको सट्टा “पाँचसय रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल नियमावलीको नियम १७ मा संशोधनः</u> मूल नियमावलीको नियम १७ को,-

(१) उपनियम (१) मा रहेका “जाँचबुझ गर्दा इजाजतपत्र (लाइसेन्स) दिन हुने ठहरिएमा” भन्ने शब्दहरु पछि “एकहजार रुपैयाँ नामसारी दस्तुर लिई ” भन्ने शब्दहरु थपिएका छन ।

(२) उपनियम (२) मा रहेका “दिन नहुने ठहराईमा बाहेक” भन्ने शब्दहरुपछि “एकहजार रुपैयाँ नामसारी दस्तुर लिई” भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (५क.) को सट्टा देहायको उपनियम (५क.) राखिएको छः-

"(५क) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका वखतसम्म कुनै हातहतियार खरखजानाको नामसारी गराउन छुट भएको भए यो नियम प्रारम्भ भएको मितिले नौ महिनाभित्र मनासिव कारण देखाई निवेदन दिएमा प्रत्येक आर्थिक वर्षका लागि एक हजार रुपैयाँ नामसारी दस्तुर लिई नामसारी गरिनेछ ।

तर सम्बत २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसीर ५ गतेको अवधि भित्र सुरक्षाको कारणले आफ्नो हातहतियार सुरक्षा निकायमा बुझाउने व्यक्तिले  सुरक्षा निकायले गरिदिएको सो सम्बन्धी भरपाईसंलग्न गरी यो नियम प्रारम्भ भएको मितिले नौ महिनाभित्र नामसारीको लागि निवेदन दिएमा नामसारी बापत दस्तूर लिइने छैन । "